# 10th NCAR Part-66, AML (X) EXAM 2015

## मा सहभागी हुन चाहने परिक्षार्थीहरुको लागी

## दरखास्त आह्वानको सूचना

**प्रकाशित मितिः २०७१।१०।२५**

नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णयानुसार यस विभाग र CAAi, UK वीच २ फेब्रुअरी २०१२ मा सम्पन्न सम्झौता वमोजिम ०१ मार्च २०१५ मा संचालन हुन गइरहेको 10th NCAR Part-66 अनुसारको AML-X आधारभूत परीक्षा दिन इच्छुक तथा योग्य उम्मेदवारहरुलाई, यस विभागवाट उपलव्ध गराइने फाराम रितपूर्वक भरी १५ फेब्रुअरी २०१५ अर्थात *२०७१ फाल्गुण ०३* गते भित्र यस विभागमा आईपुग्ने गरी पेश गर्न हुन दरखास्त आह्वान गर्दै यो सूचना प्रकाशित गरिएको छ । साथै यस पटक **(दशौं ए.एम.एल परिक्षा)** देखी साविकमा हुंदै आएको म्यानुयल प्रणालीको सट्टामा कम्प्युटराइज प्रणालीको माध्यम वाट सो परिक्षा संचालन हुने छ । यस परीक्षाको बिषयमा थप जानकारी आवश्यक भएमा यस विभागको एयरवर्दिनेश इन्सपेक्शन महाशाखामा सम्पर्क राख्न सकिने छ । रित नपुगी पेश आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । यो सूचना प्राधिकरणको Website: www.caanepal.org.np/Link: Flight Safety (www.flightsafetycaan.org.np) मा प्रकाशित गरिएको छ ।

१) **न्यूनतम योग्यता तथा अनुभव :-**
प्रचलित नागरिक उड्डयन नियमावली तथा NCAR Part-66 मा उल्लेख भए बमोजिमको योग्यता भएको हुनु पर्नेछ ।

२) **दरखास्त फाराम तथा भरी बुझाउने व्यबस्था :-**
क) CAAi वाट जारी भएको दरखास्त फाराम **फ्लाइट सेफ्टी स्ट्याण्डर्ड्स विभाग**, सिनामंगलबाट प्राप्त गर्न सकिन छ भने प्राधिकरणको वेवसाइट www.caanepal.org.np/Link:Flight Safety वाट पनि डाउनलोड गर्न समेत सकिने छ ।

ख) साथै यस पटक देखी कम्प्युटराइज्ड प्रणाली वाट परीक्षा संचालन हुने र दरखास्त फाराम समेत Online Booking गर्नु पर्ने भएको सन्दर्भमा यस सुचना अनुसार दरखास्त फाराम भरी वुझाउनु हुने सवै परिक्षार्थीहरुले मिति २३ फेब्रुअरी २०१५ देखी २७ फेब्रुअरी २०१५ सम्म **फ्लाइट सेफ्टी स्ट्याण्डर्ड विभाग**, सिनामंगलमा आई विभागका अधिकृतको सहयोगमा CAAi को Exam Online Portal मार्फत Computerized Examination Booking फाराम भरी Online Submit गर्नु पर्ने छ ।

३) **दरखास्त फाराम तथा परीक्षा दस्तुर :-**
क) दरखास्त फाराम दस्तुर वापत ५ (पांच) अमेरीकी डलर र परीक्षा दस्तुर वापत प्रति विषय (Module) १५ अमेरिकी डलर वरावर को रकम र सो को १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम लाग्नेछ ।
विदेशी मुद्राको विनिमय दरको हकमा जुन दिन रकम बुझाइन्छ सोही दिनको नेपाल राष्ट्र बैंकले तोकेको विकि दरको विनिमय दर कायम हुने छ ।

ख) सो को अतिरिक्त CAAi, UK संग भएको सम्झौतामा तोकिए वमोजिमको परीक्षा शुल्कको हकमा प्रति परिक्षार्थी प्रति Module वापत रु ११३००।०० र सो को १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम रु १२७६९।०० बुझाउनु पर्ने छ ।